आज मिति २०८३।०३।१८ गते बिहीवारका दिन यस नगरपालिकाका नगरप्रमुख श्री कारीराम यादवज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसियो ।

उपस्थिति :

| सि.नं. | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कारीराम यादव | | |
| २ | नगर उप प्रमुख | श्री रहिमा खातुन | | |
| ३ | सदस्य | श्री मिथिला साह | | |
| ४ | सदस्य | श्री मुकेश कुमार पुर्वे सुडी | | |
| ५ | सदस्य | श्री ताँहिर मिया | | |
| ६ | सदस्य | श्री सत्यनारायण यादव | | |
| ७ | सदस्य | श्री गंगाराम यादव | | |
| ८ | सदस्य | श्री श्रीपुजन यादव | | |
| ९ | सदस्य | श्री रामदेव सहनी | | |
| १० | सदस्य | श्री सेराजुल राईन | | |
| ११ | सदस्य | श्री मनिष कुमार राय | | |
| १२ | सदस्य | श्री राज कुमार साह | | |
| १३ | सदस्य | श्री सरोज कुमार यादव | | |
| १४ | सदस्य | श्री राम नारायण अधिकारी | | |
| १५ | सदस्य | श्री देवनारायण महतो | | |
| १६ | सदस्य | श्री बैद्यनाथ महतो सुडी | | |
| १७ | सदस्य | श्री लखिचन्द्र दास | | |
| १८ | सदस्य | श्री अनिता देवी यादव | अनिता | |
| १९ | सदस्य | श्री निर्मला परियार | Nirmala | |
| २० | सदस्य | श्री सिता देवी यादव | सिता | |
| २१ | सदस्य | श्री रिंकी कुमारी महरा | Rinki | |
| २२ | सदस्य | श्री ललिता देवी कापर | ललिता | |
| २३ | सदस्य | श्री सकिला खातुन | सकीला | |
| २४ | सदस्य सचिव | श्री खिम बहादुर भुजेल | | |

आमन्त्रित:

प्रस्तावहरु: १. सुकुम्बासीहरुको विवरण सम्बन्धमा ।

२. विद्यालय शिक्षा सम्बन्धि वडास्तरिय प्रतिवेदन सम्बन्धमा ।

३. वडा स्तरिय योजना सम्बन्धमा ।

४. अवलोकन भ्रमणको प्रतिवेदन छलफल तथा सार्वजनिकीकरण सम्बन्धमा ।

५. सेड निर्माण सम्बन्धमा ।

निर्णयहरु:

१ सवैला नगरपालिका र विगतको भुमि आयोग ताहाचल,काठमाडौ सँग सम्झौता भई लगत संकलन भएको भुमिहीन दलित, भुमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको DATA ENTRY को कार्य २०८३ असार मसान्त भित्रै सम्पन्न गर्नका लागि विस्तृत छलफल गरी यस नगरपाललिकाका अन्तर्गतका १३ वटै वडाका वडास्तरिय समितिवाट पहिचान गर्न सिफारिस भई आएका घरपरिवारको विवरण ३ दिन भित्र नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

२ सवैला नगरकार्यपालिकाको निर्णयानुसार यस नगरपालिकाका १३ वटै वडा अन्तर्गत रहेका सवै किसिमका शैक्षिक संस्थाको सर्वाङ्गिण पक्षवारे वडा समितिवाट अध्ययन गरी पेश भएका प्रतिवेदनमा शैक्षिक सुधारका लागि उठान भएका सुझावहरुका बारेमा विस्तृत छलफल गरियो ।

३ आ.व. २०८३।०८४ का लागी नगरस्तरिय स्रोत सिमा निर्धारण समितिवाट वडा स्तरिय योजनाका लागि तोकिएको वडासिलिङ्ग अनुसार वडावाट योजना तर्जुमा गर्दा स्थानिय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था भए बमोजिम तोकीएका सवै क्षेत्रलाई समेटिने गरी योजनाहरु प्राथमिकिकरण गरी र वडा सिलिङ्ग बाहेक दीर्घकालिन, सकभर दुई तीन वटा वडा. जोडने ठुला खालका योजनाहरु नगर तथा प्रदेशवाट सम्बोधन हुने गरी यथासिघ्र यंस नगरपालिकाको योजना शाखामा पेश गर्ने निर्णय गरियो ।

४ यस नगरपालिकावाट विभिन्न उदेश्यका साथ यस नगरपालिकाका जनप्रतिनिधीहरु वाट भएका अवलोकन भ्रमणको पेश भएका प्रतिवेदन उपर विस्तृत छलफल गरी प्रतिवेदनमा अन्य नगरपालिकावाट विकासका लागि भएका असल अभ्यासहरु यस नगरपालिकामा समय परिस्थिति अनुसार अबलम्बन गर्ने निर्णय गरियो ।

५ यस नगरपालिकाका अधिनस्तमा रहेका दुई पाङ्ग्रे र चारपाङ्ग्रे गाडी तथा अति संवेदनशिल बारुणयन्त्र विगतका वर्ष देखि अलपत्र रहेकाले नगरपालिकाको बप्नो भवन नभएपनि भाडामा रहेका कार्यालय परिसरमा निर्माण भएको सेड निर्माणमा भएको खर्च रु. ६,७३,१६१।५१ र बारुणयन्त्र तथा कार्यालयका अन्य सवारीहरु समेत व्यवस्थापनका लागि यस नगरपालिका अन्तर्गतका कृषि तथा पशुपंक्षि सेवा केन्द्रको परिसरमा भएको सेड निर्माणमा भएको खर्च रु. १,९६,६५८।८६ नगरपालिकाको कन्टिजेन्सी रकमवाट भुक्तानी दिने गरी अनुमोदन गरियो ।